# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १६ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा लगभग एघार हजार करोड़ रुपियाँको दुईवटा ठूल्ठूला राष्ट्रीय राजमार्ग परियोजनाहरुको शुभारम्भ गर्नुहुनेछ।

- श्रीकृष्ण जन्माष्टमीको पर्व आज देशभरी धार्मिक उत्साहका साथ मनाइँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु तथा प्रधानमन्त्री नरेन्द्र मोदीले जन्माष्टमीको शुभ अवसरमा सबै देशवासीलाई शुभकामना दिनु भएको छ।

- दार्जीलिङका सांसद राजु विष्टले आज राष्ट्रिय राजमार्ग 10 को पैह्रो प्रभावित क्षेत्रको भ्रमण गर्नु भएको छ।

- गतिरोधमा परेको सयदिने रोजगारको ढोका खोल्न पहाडका सबै दलहरु एक मञ्चमा आउनपर्ने मार्क्सवादी कम्युनिष्ट पार्टी (माकपा)-ले आह्वान गरेको छ।

- मौसम विभागले उत्तर बङ्गालका विभिन्न जिल्लाहरुमा भोलि देखि भारी वर्षा हुने पूर्वानुमान गरेको छ|

**<u>प्रधानमंत्री - दिल्ली परियोजना</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा लगभग एघार हजार करोड़ रुपियाँको दुईवटा ठूल्ठूला राष्ट्रीय राजमार्ग परियोजनाहरुको शुभारम्भ गर्नुहुनेछ । यी परियोजनाहरुमा द्वारका एक्सप्रेसवेको दिल्ली खण्ड अनि शहरी विस्तार सड़कको दोस्रो भाग सामेल छन् । प्रधानमंत्री कार्यालयले एउटा बयानमा भनेको छ कि यी परियोजनाहरु राजधानी दिल्लीका मानिसहरूको यातायातमा सुविधा दिइन सरकारको दृष्टिकोणको अनुरूप विकसित गरिएको छ। यी परियोजनाहरु द्वारा यातायातमा सुगम हुनेछ, यात्रामा समयको बचत हुनेछ अनि दिल्ली अनि आसपासका क्षेत्रमा ट्रैफिक जाम को समस्याबाट छुटकारा पाउनेछ। यस अवसरमा प्रधानमंत्रीले एउटा जनसभालाई पनि सम्बोधित गर्नुहुनेछ ।

**<u>वाजपेयी-पुण्यतिथि</u>**

पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको सातौँ पुण्यतिथिमा आज देशले उहालाई स्मरण गरिरहेको छ । बर्ष 2018 मा आजकै दिन उहाको निधन भएको थियो । अटल बिहारी बाजपेयी तीन पल्ट प्रधानमंत्री रहनु भएको थियो। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले आज पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीलाई दिल्लीस्थित सदैव अटलको स्मृतिमा पुष्पांजलि अर्पण गर्नु भयो। यस अवसरमा केन्द्रीय मन्त्री राजनाथ सिंह, जेपी नड्डा, किरेन रिजिजु, गजेन्द्र सिंह शेखावत, लोकसभा अध्यक्ष ओम बिरला र दिल्लीका मुख्यमन्त्री रेखा गुप्ता लगायत धेरै गणमान्य व्यक्तिहरू उपस्थिति रहेको थियो।

<u>राष्ट्रपति- जन्माष्टमी</u>

राष्ट्रपति द्रौपदी मुर्मु तथा प्रधानमन्त्री नरेन्द्र मोदीले जन्माष्टमीको शुभ अवसरमा सबै देशवासीलाई शुभकामना दिनु भएको छ।

**<u>जन्माष्टमी</u>**

श्रीकृष्ण जन्माष्टमीको पर्व आज देशभरी धार्मिक उत्साहका साथ मनाइँदैछ। पहाडका विभिन्न क्षेत्र अनि सिलिगुडीमा पनि यस वर्षको श्रीकृष्ण जन्माष्टमी पर्व उल्लास अनि भक्तिमय वातावरणमा मनाइयो। पहाडका विभिन्न मन्दिर र समाजिक स्थलहरूमा भजन–कीर्तन, बाजागाजा, झाँकी तथा शोभायात्रा  आयोजन गरिएको थियो। खरसाङमा श्रीराम मन्दिरको तत्वावधानमा भव्य कलश यात्रा निकालियो। यस शोभायात्रामा भक्तजनहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो| मिरिकको कृष्णनगरस्थित कृष्ण मन्दिरमा पनि जन्माष्टमी भक्ति भावका साथमा मनाइयो। बिहानैदेखि भक्तहरूको व्यापक उपस्थिति रहेको कार्यक्रममा जीटीएका स्वास्थ्य तथा परिवार कल्याण विभागका कार्यकारिणी सभासद अरूण सिगची, मिरिक नगरपालिका अध्यक्ष एल. बी. राई, जन सम्पर्क अधिकारी विवेक गोले, पञ्चायत समिति सदस्य समीर राईलगायत विभिन्न व्यक्तित्वहरू सहभागी भएका थिए। मन्दिर सञ्चालन समितिका कोषाध्यक्ष तथा प्रचार सचिव जीवन छत्रीले विगत तीन दिनदेखि निरन्तर भागवत पाठ भइरहेको जानकारी गराउँदै साँझ साई भजन मण्डली र मानव उत्थान सेवा समितिले भजन–कीर्तन गर्ने कार्यक्रम रहेको बताउनु भयो। उहाँले मध्यरातमा भगवान श्रीकृष्णको जन्म उत्सव विशेष रूपमा मनाइने जानकारी दिनु भयो| यसरी नै सिलिगुडीस्थित इस्कोन मन्दिरमा श्रीकृष्णको भव्य सजावटसहित विशेष पूजा, भजन–कीर्तन र सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो। सुके खण्डको पोख्रेबुङ ग्राम पञ्चायत तीन अन्तर्गत पर्ने मगरजोङ चियाबारी निज गाउँमा अवस्थित श्री राधा कृष्ण मन्दिरमा ग्राम सुधारक समिति एवं स्वनिर्भर दलको संयुक्त आयोजनामा  आज श्री कृष्ण जन्म अष्टमी पालन गरियो।

**द बंगाल फाइल्स**

फिल्म निर्माता विवेक अग्निहोत्री र उहाँकी श्रीमती तथा अभिनेत्री-निर्माता पल्लवी जोशीको फिल्म द बंगाल फाइल्सको ट्रेलर लन्च कार्यक्रमलाई लिएर आज  कोलकातामा ठूलो विवाद उत्पन्न भयो।  कोलकाता पुलिसले एउटा होटलमा भएको कार्यक्रममा अवरोध पुऱ्यायो र सम्मेलन हलको बिजुली काट्यो। यसका साथै फिल्मको ट्रेलर देखाउन प्रयोग गरिएको ल्यापटप पनि जफत गरियो। यो सम्पूर्ण घटनाको बारेमा विवेक अग्निहोत्रीले राज्य सरकार र पुलिस माथि तानाशाही मनोवृत्तिको आरोप लगाउँनु भएको छ|

**राजु विष्ट- राष्ट्रिय राजमार्ग 10**

दार्जीलिङका सांसद राजु विष्टले आज राष्ट्रिय राजमार्ग 10 को पैह्रो प्रभावित क्षेत्रको भ्रमण गर्नु भएको छ। यस अवसरमा उहाँले NHIDCL, राष्ट्रिय राजमार्गपीसी र इरकनका अधिकारीहरूसँग भेट गर्नका साथै पैह्रो प्रभावित क्षेत्रको निरीक्षण पनि गर्नु भयो। उहाँले पैह्रो प्रभावित राष्ट्रिय राजमार्गको समस्या समाधान गर्न तीन केन्द्रीय एजेन्सीहरू मिलेर काम गर्नुपर्ने र दीर्घकालीन योजना बनाउनुपर्ने बताउनु भयो। श्री बिष्टले पैह्रो सकेसम्म चाँडो हटाइने र सर्वप्रथम यातायात सेवा सामान्य बनाउने काम चलिरहेको बताउनु भयो।  सांसदले यस क्षेत्रमा धेरै कुराका लागि पर्मानेन्ट सल्युशनको आवश्यकता रहेको बताउनु भयो। पोलिटिकल सल्युशन त छँदैछ, तर तत्कालका लागि राष्ट्रिय राजमार्ग 10 को समस्याबाट मुक्ति चाहिएको उहाँले बताउनु भयो। टिस्टा नदीले धेरैवटा ठाउँमा सडक तानेको कारण राष्ट्रिय राजमार्ग 10 ले आफ्नो अस्तित्व गुमाइसकेको बताउँदै उहाँले राष्ट्रिय राजमार्गपीसी, इरकन र NHIDCL ले जबसम्म मिलेर काम गर्दैनन् तबसम्म यसको कुनै दीर्घकालीन समाधान नहुने बताउनु भयो। श्री बिष्टले राष्ट्रिय राजमार्ग 10 बन्द भएको कारण मानिसहरूले धेरै समस्या भोगिरहेको र 200 करोड रूपियाँको नोक्सानी प्रत्येक दिन भइरहेको बताउनु भयो।

**सयदिने रोजगार**

गतिरोधमा परेको सयदिने रोजगारको ढोका खोल्न पहाडका सबै दलहरु एक मञ्चमा आउनपर्ने मार्क्सवादी कम्युनिष्ट पार्टी (माकपा)-ले आह्वान गरेको छ। संवैधानिकरुपले ग्यारेण्टी भएको यस रोजगारको अनियमितताथि जागरुकता ल्याउन पार्टीले साङ्गठानिक पकडअनुसार जनसम्पर्क कार्यक्रम सुरु गर्ने माकपा नेता समन पाठकको भनाइ छ।  कानुनन् ग्यारेण्टी भएको सयदिने रोजगारमार्फत जनतासम्म पैसा पुगेको हेर्न नचाहने राज्य सरकारले अहिले सर्कल बनाएर पूजा कमिटिहरुलाई अनुदान वितरण गर्दै भोटको राजनीति गरिरहेको श्री पाठकले आरोप लगाउनु भएको छ।

**बुद्धिष्ट  फोरम**

बौद्ध गयाको परिचालना व्यवस्था अनि निरीक्षण कमिटि सम्पूर्ण रूपले बौद्धहरूको अधिनमा हनुपर्ने मांगमा लिएर मुक्ति आन्दोलनलाई अझ थप सहयोग पुरयाउनका निम्ति आज  अल ईण्डिया बुदिष्ट फोरम केन्द्रिय कमिटिको अगुवाईमा खरसांग महकुमा कमिटिको तथ्वाधानमा शान्ति यात्रा आयोजित गरियो। यस मसाल यात्रा टुरिष्ट लजदेखि खरसांग शहरको परिक्रमा गर्दै मोटर स्टयाण्डमा समापन गरियो। जसमा प्रमुख वक्ता आकाश लामाले सभालाई सम्बोधन गरेका थिए।

**मौसम**

बंगालमा एकपल्ट फेरि मौसम विभागले भारी वर्षा अनि सम्भावित आपदाको आशंका जताएको छ । बङ्गालको खाडी मा सक्रिय निम्नचाप अनि चक्रवातीय परिसंचरन को कारण आगामी केहि दिनहरूसम्म पूरा राज्यमा बर्षाको दौर जारी रहनेछ। उत्तर बगाल को दार्जीलिङ. जलपाईगुड़ी, कालेम्पोंग, अलीपुरद्वार अनि कूचविहारमा आज हल्का देखि मध्यम वर्षाको अनुमान गरिएको थियो यद्यपि भोलि आइताबारदेखि मौसम  विभागले चेतावनी दिएको छ कि उत्तर बंगालका यी जिल्लाहरुमा भारी वर्षा हुनेछ । लगातार वर्षाको कारण दार्जीलिङको पहाड़ी इलाका लगायत सिक्किममा पैह्रो जाने खतरा बढ़न सक्नेछ। यस बाहेक तिस्ता, तोरसा अनि जलदाका क्षेत्रका नदीहरुको जलस्तर बढ्न सक्ने अनुमान पनि गरिन्दैछ। दक्षिण बंगालमा फिलहाल उत्तर बंगाल को तुलनामा भारी वर्षाको सम्भावना  थोरै देखिन्छ।

****** ० ******